पूर्वाधार विकास मन्त्रालय
**सडक विभाग**
योजना तथा अनुगमन महाशाखा
**सडक सुरक्षा तथा ट्राफिक शाखा**

हाल चाकुपाट, ललितपुर
ईमेल:rtunit@dor.gov.np
वेब साईट :www.dor.gov.np

प.स.२०८३/८४
चलानी नं.

मिति:- २०८३/०४/२७
ने.स. ११४६ बुधबार

**विषय : जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा "Narayani Online " मा मिति २०८३/०४/२६ मा प्रकाशित "चितवनका ठेकेदारलाई दैनिक ५ हजार ४०० रुपैंया जरिवाना लगाउँदा पनि बलेन ट्राफिक लाइट" नामको प्रसारित भिडियो माध्यमबाट यस शाखाको ध्यानआकर्षण भएको छ। सो ठेक्का अन्तर्गत चितवनमा रहेका चोकहरु क्रमश मालपोत चोक, बसपार्क चोक, पुल्चोक, शहिद चोक, हाकिम चोक र चौबिसकोठि चोकहरुमा ट्राफिक व्यवस्थापनका लागि ट्राफिक बत्ति जडान गर्न यस शाखा र नि.व्य.श्री Everest To Sea बिच मिति २०८२/४/२० मा सम्झौता भएको थियो । सो ठेक्काको म्याद मिति २०८२/१२/२० सम्म रहेकोमा सो अवधिभित्र निर्माण सम्पन्न नगरेको हुँदा विभागिय निर्णय अनुसार मिति २०८२/१२/२१ देखि Liquidated Damage लगाइएको र मिति २०८३/७/३ भित्र कार्य सम्पन्न गर्नलाई यस शाखाबाट मिति २०८२/१२/१६ मा पत्राचार गरिएको छ। नि.व्य.ले जडान गर्नुपर्ने ट्राफिक बत्तिहरु भारतबाट खरिद गरी नेपालको Border मा 10 August 2026 मा आइपुगेको र नेपालको भंसार जाँचपास प्रक्रियामा रहेको हुँदा भंसार जाँचपास प्रक्रिया पुरा भइसकेपछी उक्त सामानहरु Site पुर्याइ ट्राफिक बत्ति जडान शुरु हुने व्यहोरा सर्वसाधारण सवैमा जानकारीको लागि अनुरोध छ।

शाखा प्रमुख